


# अपाङ्गता भएका बालबालिकालाई संस्थामा किन राख्नु हुँदैन ?

## एक अध्ययन प्रतिवेदनले उजागर गरेका तथ्यहरू

पुनर्थापना र विकासको लागि स्रोत केन्द्र, भक्तपुर

# अध्ययनको बारेमा

यस दस्तावेजमा प्रस्तुत गरिएका सूचना र तथ्याङ्कहरू ATOS डेनमार्कको सहयोगमा त्रीभूवन विश्वविद्यालयको शिक्षा विभाग र RCRD सँगको सहकार्यमा सन २०२२ मा गरिएको एक अध्ययन प्रतिवेदनबाट लिइएका हुन । बालबालिकालाई उनीहरूको परिवार, बाबुआमा र समुदायबाट अलग्याउन वा अलग्याएर शिक्षा वा संरक्षणका नाममा संस्थागत हेरचाहमा राख्न नपाईने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी प्रावधानहरूको बाबजुद नेपालमा धेरै अपाङ्गता भएका बालबालिका अहिले संस्थागत हेरचाहमा रहेका छन् । ६ जिल्लाका ६ वटा स्रोतकक्षाहरूमा गरिएको यो अध्ययन खास गरेर संस्थागत हेरचाहमा रहेका अपाङ्गता भएका बालबालिकाको अवस्था र उनीहरूलाई समुदायमा पुनर्स्थापित गर्ने विषयमा केन्द्रित छ ।



# कानुनी व्यवस्थाहरू



- अपाङ्गता भएका बालबालिकालाई आफ्नो समुदायमा परिवारसँगै रहेर समावेशी आधारमा शिक्षा पाउने हक छ । (CRC, CRPD)
- अपाङ्गता भएका व्यक्तिलाई उनीहरूको इच्छा विपरित घर परिवार वा समुदायबाट अलग्याएर कुनै तोकिएको ठाउँमा बस्न बाध्य गर्न पाइँदैन (अपाङ्गता अधिकार ऐन २०७४, CRDP)
- नि:संस्थाकरण (De-institutionalization) सम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्रमा नेपालको प्रतिवद्धता ।



# मुख्य तथ्यहरू

**स्रोत कक्षाको वास्तविक अवधारणा अनुकुल काम नहुनुका कारणहरू:**

- शिक्षकलाई समावेशी शिक्षाको तालिम दिइएन ।
- सिकाई विधिलाई अपाङ्गता भएका बालबालिकाको लागि पहुँचयुक्त र समावेशी बनाइएन ।
- एउटै परम्परागत प्रणालीमा सबैलाई अटाउने प्रयास गरियो ।
- व्यक्तिगत शैक्षिक योजनाको अभ्यास गरिएन ।
- अपाङ्गता भएका बालबालिका स्रोत कक्षाबाट बाहिर आउन पाएनन ।

**नेपालमा अपाङ्गता भएका बालबालिकालाई शिक्षा दिने प्रणाली ।**

| | |
|---|---|
| विशेष विद्यालय | ३९ |
| एकिकृत विद्यालय | २२ |
| स्रोत कक्षा | ३८० |

(स्रोत कक्षाको वास्तविक उद्देश्य विपरित यसलाई संस्थागत हेरचाह गर्ने ठाउँ समेत बनाइएको छ)

**अभिभावकहरू संस्थागत हेरचाह गर्ने ठाउँमै पठाउन किन बाध्य छन?**

- ६६% अभिभावकहरू भन्छन समुदायमा अपाङ्गता भएका बालबालिकाको लागि कुनै सेवा सुविधा उपलब्ध छैन ।
- स्थानीय विद्यालयका शिक्षकसँग अपाङ्गता भएका बालबालिकालाई सिकाउने विषयमा कुनै ज्ञान छैन ।
- २५% अभिभावक भन्छन आफ्ना बालबालिकालाई सहज हुनेगरि नजिकमा विद्यालय छैन ।
- संस्थागत हेरचाह नि:शुल्क दिने र राम्रो हेरचाह गर्ने प्रलोभन दिइन्छ ।
- अधिकांश अभिभावक गरिब छन र उनीहरूलाई आफ्नो अपाङ्गता भएको बच्चालाई के गर्ने भन्ने नै थाहा छैन ।

**स्रोत कक्षाको मुल उद्देश्य के थियो ?**

सन १९९० मा लागु गरिएको Basic Primary Education Program (BPEP) कार्यक्रम अन्तर्गत स्रोत कक्षाको स्थापना अपाङ्गता भएका बालबालिकालाई अन्य बालबालिकासँगै समावेशी कक्षामा सहभागी हुन सहयोग गर्ने प्रणालीको रूपमा विकास गरिएको थियो तर यसको कार्यान्वयन सो अवधारणाको विपरित भयो ।

**अपाङ्गता भएका बालबालिकाको अनुभव:**

- अधिकांश बालबालिका ३ वा ५ बर्ष देखि संस्थागत हेरचाहमा रहेका छन र कोही त विगत १६ वर्ष देखि परिवारबाट अलग छन् ।
- ५७% बालबालिका परिवार छोडेर संस्थामा बस्नुपरेकोमा निराश छन ।
- ३८% संस्थाको खाना, हेरचाह, लुगा कपडा र सरसफाई जस्ता सेवासँग सन्तुष्ट छैनन ।
- उनीहरूले राम्रो सिक्न नपाएको, भेदभाव भएको, दुर्व्यवहार भएको अनुभव सुनाए ।
- अधिकांश बालबालिका एक्लोपन महसुस गर्छन, चाडवाड र परिवार संझन्छन ।
- एक तिहाइ भन्दा बढीले शिक्षक र हेरचाहकर्ताबाट दुर्व्यवहार भएको अनुभव सुनाए ।



# मुख्य तथ्यहरू



## प्रति बालबालिका लगानी

- संस्थागत हेरचाह सहितको स्रोत कक्षामा प्रति बालबालिका बर्षको रू. १३०००० लगानी गरिएको छ जबकि मुलधारको समावेशी कक्षामा पढ्नेहरूका लागि रू. १८००० मात्र छ।
- तर तुलनात्मक रूपमा अपाङ्गता भएका बालबालिकाको सिकाईका अवसरमा पहुँच सन्तोषजनक छैन।

## सहयोग प्रणालीका कमजोरीहरू:

- कमजोर अपाङ्गता लेखाजोखा प्रणाली।
- स्रोत शिक्षकमा असाध्यै न्यून ज्ञान र सिप।
- व्यक्तिगत शैक्षिक योजनाको अभ्यास छैन।
- बहु तहगत सहयोगको ज्यादै न्यून अभ्यास।

## प्रस्तावित रणनैतिक समाधानहरू:

- परिवारमै राखेर गरिने हेरचाह नै बालबालिकाको लागि सबैभन्दा उत्तम हो भन्ने विषयमा अभिभावकमा जनचेतना ।
- अपाङ्गता भएका बालबालिकाको हकमा संस्थागत हेरचाहलाई राम्रो विकल्पको रूपमा लिने अभ्यास रोक्नुपर्ने।
- सिकाईको समावेशी ढाँचा (UDL), व्यक्तिगत शैक्षिक योजनाको अभ्यामा शिक्षकको क्षमता विकास।
- विद्यालयको भौतिक संरचनामा सुधार र पहुँचयुक्त शैक्षिक सामाग्रीमा लगानी।
- बहु प्रकृतिका सहयोगहरूको अभ्यास जस्तै सबैलाई हुने साझा सहयोग, लक्षित सहयोग र सघन प्रकृतिको सहयोग।
- अपाङ्गता सम्बन्धी सेवाहरूको समुदाय स्तरमै उपलब्धता (जस्तै स्वास्थ्योपचार, थेरापी, परामर्श, सहायक सामाग्री, सहयोगी, जीवनयापन, परिवार परामर्श आदि )
- आवास सहितका यस्ता सेवा थप नगर्ने र यस्ता सेवाहरूमा भर्ना लिन बन्द गर्ने।
- संस्थागत अभ्यासमा खर्च गर्ने बजेटलाई समुदायमा सहयोग प्रणाली निर्माणमा लगाउने किनभने समुदायमा आधारित हेरचाह प्रणाली संस्थागत प्रणाली भन्दा ६ देखि १० गुणा सस्तो पर्छ।

## अभिभावकहरूको दृष्टिकोण:

- ७२% अभिभावकहरूको विचारमा आफ्ना अपाङ्गता भएका बालबालिका आफूबाट अलग्याएर टाढा पठाउनु बाध्यता हो।
- यदि घर नजिकै राम्रो विद्यालय र अरू सेवा पाउने हो भने उनीहरू टाढा पठाउन चाहँदैनन।

## मुख्य सिफारिसहरू:

- राष्ट्रिय नि:संस्थाकरण रणनीतिको निर्माण तथा कार्यान्वयन।
- संस्थागत अभ्यासलाई क्रमश: हटाउँदै लैजाने।
- शिक्षकहरूको क्षमता विकास गर्ने।
- अभिभावकहरूको शसक्तिकरण
- सेवालाई अनुगमन तथा मुल्याङ्कन गर्ने प्रभावकारी प्रणालीको निर्माण।
- संक्रमणकालको लागि असाध्यै राम्रो तालिम तथा ज्ञान भएका र समर्पित स्रोत शिक्षकको व्यवस्था।

सूचना प्रस्तुति तथा प्रकाशनः पुनर्स्थापना र विकासको लागि स्रोत केन्द्र भक्तपुर